# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ ८ गते २०३० साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले विद्युत् विभाग अन्तर्गत हेटौंडा सबस्टेशन र भरतपुर सबस्टेशन बनाउनको लागि निम्नबमोजिमको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

हेटौंडा सबस्टेशनको निमित्तः—

नारायणी अञ्चल, मकवानपुर जिल्ला, हेटौंडा नगर पञ्चायत वडा नं. १ बबेयल बासा मौजाको कि. नं. ७ को पूर्व, पश्चिम र दक्षिण गगर्नसिं लामाको कि. नं. ७ को बाँकी जग्गा र उत्तर श्री ५ को सरकार विद्युत् विभाग (हेटौंडा डिजल प्लाण्ट) यति चार किल्लाभित्रको जम्मा मालपोत रू. ८।४४ (आठ रुपैयाँ चवालीस पैसा) लाग्ने जम्मा बिगाहा ०-४-६½ (चार कट्ठा साढे छ धुर) को जग्गा कित्ता एक - - - - - - १



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भरतपुर सबस्टेशनको निमित्तः—

नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर गा.पं. वडा नं. २-क को पूर्व कि.नं.१३३, १८८ र १८९ को जग्गा, पश्चिम कि. नं. १९३ र १९४ को जग्गा, उत्तर कि. नं. १३२ को जग्गा, दक्षिण बाटो यति चार किल्लाभित्रको कि. नं. १९१ को ०–६–$\frac{१}{२}$ पूरा, कि. नं. १९२ को ०–१–९$\frac{१}{२}$ पूरा कि. नं. १९३ बाट ०–१३–९$\frac{३}{४}$ र कि. नं. १९४ बाट ०–१०–२$\frac{१}{२}$ समेत जम्मा मालपोत रू. ६४।९६ (चौसठ्ठी रूपैयाँ छयान्नब्बे पैसा) लाग्ने जम्मा बिगाहा १–११–२$\frac{१}{४}$ (एक बिगाहा एघार कट्ठा सवा दुई धुर) को कित्ता एक — — १

आज्ञाले—
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222